नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति : २०८२/१२/२८

## प्रेस विज्ञप्ति।

सम्वत् २०८२ साल भाद्र २३ र २४ गतेको जेन-जी (Gen-Z) आन्दोलनकी घाइते-अपाङ्ग श्री एकता शाहलाई नि:शुल्क MBBS अध्ययनको अवसर उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकारबाट मिति २०८२/१२/०१ गते अन्तरिम मन्त्रिपरिषदको कार्यकालमा भएको निर्णयका विषयलाई लिएर केही सञ्चार माध्यममा प्रकाशित/ प्रसारित समाचारप्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ।

जेन-जी आन्दोलनकी घाइते कार्ड नम्वर १६५ की श्री एकता शाहले चिकित्सा शिक्षा आयोगबाट शैक्षिक वर्ष २०८२/८३ को लागि सञ्चालित MBBS कार्यक्रमको प्रबेश परीक्षामा ५७.५ प्राप्ताङ्क सहित उतीर्ण गरेको सन्दर्भमा प्रचलित कानुन एवम् राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अन्तर्गत व्यवस्था गरिएको नि:शुल्क छात्रबृत्ति कोटा बाहेक अतिरिक्त कोटाको रुपमा विशेष छात्रबृत्ति कोटामा मनोनयन गरी सरकारबाट बजेट व्यवस्था गरी विशेष कार्यक्रमका रुपमा MBBS अध्ययन गर्ने व्यवस्था चिकित्सा शिक्षा आयोगले गर्ने गर्ने गरी नेपाल सरकारबाट निर्णय भएकोले यसबाट प्रचलित कानुन बमोजिम अरुकसैले पाउने अवसरलाई संकुचन एवम् बाधा समेत नपरेको बेहोरा स्पष्ट गरिन्छ।

साथै, सम्वत् २०८२ साल भाद्र २३ र २४ गतेको जेन-जी (Gen-Z) प्रदर्शन तथा आन्दोलनमा घाइते तथा अपाङ्ग भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ को दफा ११ अन्तर्गतको प्रावधान कार्यान्वयनका पृष्ठभूमिमा चिकित्सा शिक्षा आयोगको अनुरोध र यस मन्त्रालयको नियमानुसारको प्रस्तावमा नेपाल सरकारबाट यस्तो निर्णय लिइएको सन्दर्भ समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

.........................
सहसचिव एवम् प्रवक्ता
(शिवकुमार सापकोटा)

फोन नं.:
वेबसाइटः www.moest.gov.np